निर्णयहरु

१. मिति २०७४/०६/२९ गतेको यस गाउँकार्यपालिकाको वैठकले २०७४/०७/०१ गतेबाट लागु हुने गरी प्रत्येक वडाका वडा अध्यक्षहरुलाई मासीक १० लिटर ईन्धन दिने निर्णय भएकोमा प्रत्येक वडामा सरकारी मोटरसाईकल नभएकोले सरकारी मोटरसाईकल नभएका वडाका वडा अध्यक्षहरुलाई २०७४/०७/०१ गतेबाट नै लागु हुने गरी मासीक रु १,०००।०० यातायात खर्च दिने निर्णय गरियो ।

२. यस गाउँपालिकालाई प्राप्त स्वास्थ्य तर्फको सशर्त अनुदानबाट बाह्रय खोप निर्माणका लागि रु ९ लाख वजेट विनियोजन भएकोमा उक्त वजेटलाई निम्नानुसारले विनियोजन गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले सामुदायिक स्वास्थ्य ईकाई,सिउरुङ्को भवन निर्माणमा रु ४ लाख विनियोजन गरिएकोमा बाह्रय खोप केन्द्र निर्माणका लागि रु ३ लाख पनि सोही भवनमा जोडेर गर्ने र आयोजनाको नाम **सामुदायिक स्वास्थ्य ईकाई भवन तथा बाह्रय खोप केन्द्र निर्माण सिउरुङ्** कायम गर्ने र कुल वजेट रु ७ लाख कायम गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले सामुदायिक स्वास्थ्य ईकाई, लामा गाउँको भवन निर्माणमा रु ५ लाख विनियोजन गरिएकोमा बाह्रय खोप केन्द्र निर्माणका लागि रु ३ लाख पनि सोही भवनमा जोडेर गर्ने र आयोजनाको नाम **सामुदायिक स्वास्थ्य ईकाई भवन तथा बाह्रय खोप केन्द्र निर्माण लामागाउँ** कायम गर्ने र कुल वजेट रु ८ लाख कायम गर्ने निर्णय गरियो ।
- त्यसैगरी **बाह्रय खोप केन्द्र निर्माण,जगत** ( मर्स्याङ्दी गाउँपालिका वडा नं. ४ )का लागि रु ३ लाख विनियोजन गर्ने निर्णय गरियो ।

३. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले प्रविधिमैत्री गाउँपालिका सञ्चालनका लागि रु १५ लाख विनियोजन गरिएकोमा पहिलो चरणमा गाउँपालिकाका सवै वडाहरुमा ईन्टरनेट जडानका लागि नियमानुसार प्रक्रिया पुर्याई काम शुरु गर्ने निर्णय गरियो ।

४. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ का लागि तोकिएका व्यवसायीक करका दरहरु तथा व्यापारीका गुनासो,पिरमर्का तथा सुझाव संकलन गर्ने उद्देश्यले उद्योग वाणीज्य संघ खुदीको समेत सहभागीतामा निम्नानुसारका मितिमा तल उल्लेखित ठाउँहरुमा अर्न्तक्रिया कार्यक्रम गर्ने निर्णय गरियो ।

- २०७४/१०/१६ गते विहान ८ वजे, मर्स्याङ्दी गा.पा. वडा नं. ४, रामबजार ( सहभागी बजार तथा गाउँहरु : रामबजार, छापा,मिप्रा, स्याँगे,घेर्मु, खानीगाउँ,सञ्जापु )
- २०७४/१०/१६ गते दिउसो १ वजे, मर्स्याङ्दी गा.पा. वडा नं. ४, जगत ( सहभागी बजार तथा गाउँहरु : जगत, श्रीचौर, च्याम्चे,माथिल्लो चिप्ला, तल्लो चिप्ला )
- २०७४/१०/२० गते विहान ८ वजे, मर्स्याङ्दी गा.पा. वडा नं. ६, दोभानचौर ( सहभागी बजार तथा गाउँहरु : दोभानचौर,ठूलीबेसी,बाउनडाँडा,ङादी,अर्खले बेसी )
- २०७४/१०/२० गते दिउसो १ वजे, मर्स्याङ्दी गा.पा. वडा नं. ३, खुदी ( सहभागी बजार तथा गाउँहरु : खुदी ,सिम्पानी , भुलभुले,घनपोखरा,नायु )

५. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ का लागि गाउँपालिकाको भिलेज प्रोफाईलका लागि रु ५ लाख वजेट विनियोजन गरेकोमा नियमानुसार उक्त काम अगाडि बढाउने निर्णय गरियो ।

६. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ का लागि आवधिक गुरुयोजना तर्जुमा निर्माणमा रु ८ लाख वजेट विनियोजन गरेकोमा नियमानुसार काम अगाडि बढाउने निर्णय गरियो । साथै उक्त वजेट नपुग भएमा बाँकी भुक्तानी आगामी आ.व. २०७५/७६ मा गर्ने गरि सम्झौता गर्ने र नपुग वजेट आगामी गाउँसभाले विनियोजन गर्ने निर्णय गरियो ।

७. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ३, ७, ८, ९ को फोहोर व्यवस्थापनका लागि मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ मा रहेको ईलाका वन कार्यालय नजिकको सार्वजनिक वगर जग्गामा ल्याण्ड फिल्ड साईट निर्माणका लागि काम अगाडी बढाउने निर्णय गरियो ।

८. मर्स्याङ्दी गाउँकार्यपालिकाको मिति २०७४/०७/१५ को बैठकको निर्णयानुसार हिमप्रेमी बाल पुस्तकालयका लागि रु २०,०००।०० वजेट विनियोजन गरिएकोमा रु २०,०००।०० को पुस्तक खरिद गरी विद्यालयलाई हस्तान्तरण गरिएको र वडा नं. ४ को कार्यालयलाई साउण्ड सिस्टम खरिदका लागि रु १ लाख विनियोजन गरिएकोमा रु ९९,९९८।०० को साउण्ड सिस्टम खरिद गरि वडा नं. ४ को कार्यालयलाई हस्तान्तरण गरिएकोले माथी उल्लेखित २ वटा आयोजनामा खर्च भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

९. मर्स्याङ्दी गाउँपालिकाको मिति २०७४ मार्ग १५ गते बसेको गाउँसभाले असक्त,असाहय,विपन्न सहायता कोषमा रु ५ लाख विनियोजन गरेकोमा यस गाउँपालिकाका निम्नानुसारका व्यक्तिहरुलाई निम्नानुसारको दरले सहयोग गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ बस्ने दुवै मृगौला खराव भएर उपचाररत श्री सरीता बराल लाई रु ३०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने स्तन क्यान्सर भएर उपचाररत श्री बिनिता तामाङ् लाई रु २०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने मुटुको भल्व फेरेको बिरामी श्री चन्द्रदेवी तामाङ् लाई रु २०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ बस्ने असाहय तथा विरामी भएर उपचाररत श्री सन्त कुमार श्रेष्ठ लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने असाहय तथा विरामी भएर उपचाररत श्री लक्ष्मी प्रसाद दवाडी लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ बस्ने असक्त तथा श्रीमती विरामी भएर उपचाररत श्री विष्णु प्रसाद अधिकारी लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ बस्ने असाहय तथा विरामी भएर उपचाररत श्री भानु भक्त पाण्डे लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ बस्ने असाहय तथा श्रीमान विरामी भएर उपचाररत श्री तिल कुमारी दमै लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।

* मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ बस्ने असाहय तथा विरामी भएर उपचाररत श्री कविता परियार लाई रु ५,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
* मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ बस्ने असाहय तथा विरामी भएर उपचाररत श्री सरस्वती थापा लाई रु १०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।

१०. मर्स्याङ्दी गाउँपालिका वडा नं. १ बस्ने व्यवसायीक बाखापालक श्री तिल कृष्ण गुरुङको एकै पटक धेरै बाखा मरेर क्षती भएकोले विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु १५,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

११. मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ बस्ने श्री टौछरी गुरुङको घर भत्केर क्षती भएकोले विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु १०,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

१२. यस गाउँपालिकाको वडा नं. ६, ठुलोबेसीमा सिर्जना यूवा क्लवद्धारा आयोजना भएको फुटबल प्रतियोगिताका लागि विभिन्न धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट विनियोजन हुने गरी रु २५०००।०० दिने निर्णय गरियो ।

१३. यस गाउँपालिकाको वडा नं. ८, भुलभुलेमा न्यू हिमालचुली यूवा क्लवद्धारा आयोजना भएको फुटबल प्रतियोगिताका लागि विभिन्न धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको शिर्षकबाट विनियोजन हुने गरी रु २५०००।०० दिने निर्णय गरियो ।

१४. गाउँपालिकाको आफनै कार्यक्रम तथा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरु सहभागी नहुने कार्यक्रमहरु, गाउँपालिकाको सभा हल अन्य संघ सस्थाले प्रयोग गर्दा हल भाडा प्रति दिन रु ५००।०० र प्रोजेक्टर भाडा प्रति दिन रु ५००।०० लिने निर्णय गरियो ।